# आफ्नो COVID-19 खोपका सबै डोजहरू लगाउनुहोस्

अक्टोबर 2023

**अपडेट**

भाइरसका हालका थप स्ट्रेनहरूबाट सुरक्षित राख्ने 2023-2024 COVID-19 खोपहरू प्रयोगका लागि स्वीकृत र सिफारिस गरिएका छन् ।

## 2023-2024 COVID-19 खोप

- 6 महिना र सोभन्दा बढी उमेरका सबैजनाले गम्भीर रोग र अस्पतालमा भर्ना हुनबाट सुरक्षित रहनका लागि नयाँ 2023-2024 COVID-19 खोप (Pfizer वा Moderna) को कम्तीमा पनि एक डोज लगाउनुपर्छ ।
- COVID-19 विरूद्ध खोप लगाउनु भनेको पहिले नै COVID-19 भइसकेकाहरूका लागि पनि गम्भीर रोगबाट सुरक्षा निर्माण गर्ने सुरक्षित तरिका हो ।
- मानिसहरूले कुनै पनि COVID-19 खोपको पछिल्लो डोज लगाएको कम्तीमा पनि दुई महिना भइसकेको छ भने 5 वर्ष र सोभन्दा बढी उमेरका मानिसहरूले 2023-2024 COVID-19 खोप (Pfizer वा Moderna) को एक डोज लगाउन सक्छन् ।
- मध्यम वा गम्भीर रूपमा कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरूलाई थप डोजहरू आवश्यक पर्न सक्छ ।
- समय र अघिल्ला COVID-19 खोपहरूको आधारमा 6 महिनादेखि 4 वर्ष उमेरसम्मका बालबालिकालाई थप डोजहरू आवश्यक पर्न सक्छ ।

## COVID-19 खोपहरू प्राप्त गर्नुहोस्

- 2023-2024 COVID-19 खोपहरू प्राथमिक स्याहार अभ्यास, फार्मेसी, स्थानीय स्वास्थ्य कार्यालय र भर्मोन्टका अन्य स्थानहरूमा उपलब्ध हुनेछन् । कृपया तपाईंले अपोइन्टमेन्टको समय लिँदा तपाईंले आफ्ना अन्य नियमित खोपहरू लगाउने कार्यालयमा बुझ्नुहोस् । Vaccines.gov (अङ्ग्रेजीमा लिङ्क) मा खोप लगाउने स्थानहरू फेला पार्नुहोस् ।

Nepali

- COVID-19 खोपहरू अझै पनि तपाईंलाई नि:शुल्क रूपमा उपलब्ध गराइन्छ तर अब तिनीहरूका लागि भुक्तानी गर्ने तरिका अन्य खोपहरू जस्तै हुन्छ। अधिकांश मानिसहरूका लागि उनीहरूको स्वास्थ्य बीमाले खोप लगाउने खर्चलाई समेट्छ।
- स्वास्थ्य बीमा नभएका वा खोपहरूको खर्च नसमेट्ने बीमा भएका (कम सामान्य) मानिसहरूका लागि भर्मोन्ट खोप कार्यक्रम (अङ्ग्रेजीमा लिङ्क) वा CDC को अस्थायी Bridge Access Program (ब्रिज एक्सेस प्रोग्राम) (अङ्ग्रेजीमा लिङ्क) ले खोपमा लाग्ने खर्चलाई समेट्न सक्छ।
- अर्को राज्यमा बस्ने, गैर-अमेरिकी नागरिक वा बीमा नभएकाहरूलगायत भर्मोन्टमा जोकोहीले पनि खोप लगाउन सक्छन्।

ध्यान दिनुपर्ने कुरा: Medicaid ले Medicaid बीमा भएका बालबालिकाले भर्मोन्टका फार्मेसीहरूमा खोप लगाउँदा लाग्ने खर्चलाई समेट्दैन।

## खोप लगाउनका लागि मद्दत

- स्वास्थ्य बीमा नभएका जोकोहीले पनि स्थानीय स्वास्थ्य कार्यालयहरू (अङ्ग्रेजीमा लिङ्क) मा अपोइन्टमेन्टद्वारा खोप लगाउन सक्छन्। यदि 65 वर्ष मुनिका मानिसहरूले यातायातको अभाव वा अन्य अवरोधहरूको कारणले गर्दा अन्य स्थानहरूबाट खोप लगाउन नसकेको खण्डमा स्थानीय स्वास्थ्य कार्यालयहरूले उनीहरूलाई स्वास्थ्य बीमामार्फत खोप लगाउन मद्दत गर्न सक्छन्।
- सवारी आवश्यक पर्छ? यदि तपाईंसँग COVID-19 खोप लगाउन जानका लागि यातायातको सुविधा छैन भने कृपया आफ्नो स्थानीय सार्वजनिक यातायात प्रदायकलाई सम्पर्क गर्नुहोस् वा Vermont Public Transportation Association (VPTA) (अङ्ग्रेजीमा लिङ्क) लाई 833-387-7200 मा फोन गर्नुहोस्।
- थप जान्न चाहने अङ्ग्रेजी भाषा अध्ययनकर्ता वा आप्रवासी वा शरणार्थी समुदायका सदस्यहरूले Association of Africans Living in Vermont (AALV) (अङ्ग्रेजीमा लिङ्क) लाई 802-985-3106 मा सम्पर्क गर्न सक्छन्।

**Nepali**